# पुर्वीचौकी गाउपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०७८

## प्रस्तावनाः

यस पुर्वीचौकी गाउपालिकामा रहेका गरिब, विपन्न असहायहरु, विभिन्न रोगहरुबाट पिडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ संस्थाहरुसँगको सहायता तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न पुर्वीचौकी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १० को उपदफा २ बमोजिम पुर्वीचौकी गाउपालिका आर्थीक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०७८ बनाई गाउँकार्यपालिकाको वैठकमा पेश गरेको छ ।

## परिच्छेद १ : प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "पुर्वीचौकी गाउपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०७८" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले पुर्वीचौकी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले पुर्वीचौकी गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) "आर्थिक सहायता" भन्नाले पुर्वीचौकी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई सम्झनुपर्दछ ।

## परिच्छेद २ : आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. मापदण्ड : गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(१) दुर्घटनामा सहयोग मापदण्ड : गाउँबासी कुनै ठुलो दुर्घटनामा परि अंगभङ्ग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको

CamScanner

अवस्थाका व्यक्तिलाई अवस्था हेरि एक पटकमा ५ हजार देखि १० हजारसम्म उपलब्ध गराउन सकिने छ ।

(२) दिर्घरोगीमा सहयोग मापदंड : गाउँबासीहरुमध्ये (किड्नी फेल तथा डाईग्नेसिस गर्नुपर्ने अवस्था, मुटु उपचार, क्यान्सर, कोभिड-१९ आदि) लागेको अवस्था भएको तर गरिवी र विपन्नतामा कारण पारिवारिक आर्थिक स्रोत नभएको, उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरि एक पटकमा ५ हजार देखि १० हजार सम्म दफा ५ अनुरुपको तोक आदेशबाट उपलब्ध गराउन सकिने छ । तर यस्ता ठुला रोगको उपचारका लागि धेरै खर्च लाग्ने भएमा सोको मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नु पर्ने छ । मेडिकल वोर्डको सिफारिस सहित सहयोग माग भएको हकमा गाउँकार्यपालिकाको बैठकमा पेश गरि निर्णय बमोजिम सहयोग रकम उपलब्ध गराउन सकिने छ ।

४. संघ संगठन सहयोग मापदण्ड : यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र गाउँपालिका क्षेत्रको हित अनुकुल हुने गरि दर्ता भएका संजाल र महासंघ प्रकृतीका संघ, संगठनले आयेजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रमले जिल्ला तथा गाउँको पर्यटन प्रवद्र्धन, गाउँको विकास लगायतका क्षेत्रमा सकरात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लव तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन ।

(१) गाउँस्तरमा संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि रु ३ हजार सम्म ।

(२) जिल्ला स्तरीय संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि ५ हजार सम्म ।

(३) प्रदेश स्तरका संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ देखि ८ हजार सम्म ।

(४) केन्द्र स्तरको संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक पटक रु ५ हजार देखि १० हजार सम्म ।

५. विशेष योगदान गरेका तथा फरक क्षमता भएका व्यक्ति तथा समुहलाई दिईने सहयोग मापदण्ड : यस जिल्ला तथा देशभरमा ख्याती कमाएका, विज्ञान तथा खोज अनुसन्धानमा विशेष योगदान दिन सक्षम भएका, सहित्य तथा कला क्षेत्रमा योगदान पुर्‍याउका तथा फरक क्षमता भै आर्थिक समस्यामा रहेका

CamScanner

व्यक्ति तथा समुहलाई अवस्थाहेरी कार्यपालिकाको निर्णय बमोजिम वढीमा रु. ५०,०००।- (पचास हजार सम्म) आर्थिक सहायता दिन सकिनेछ ।

## परिच्छेद ३ : आर्थिक सहायता र कोष

६. आर्थिक सहायता भुक्तानी प्रक्रिया : आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुने छ ।

(१) दफा ३ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा गाउँप्रमुख वा निजको अनुपस्थितमा का.वा. प्रमुखबाट तोकआदेश गरि प्रमुख प्रशासकिय अधिकृतले भुक्तानी दिनु पर्नेछ ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी र सम्वन्धीत वडा कार्यालयको सिफारिस ।

(ख) उपचारको हकमा अस्पतालले चेक जाँच गरेको कागजात ।

(२) दफा ४ बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा संघ वा संगठनको अधिकारीक पत्र भएको हुनुपर्नेछ ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्ने छ ।

(४) गाउँ सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रहि एक व्यक्ति, संघ संगठनलाई एक पटक भन्दा वढी आर्थिक सहयोग गरिने छैन ।

७. सहायता सम्वन्धी बजेट व्यवस्थापन : यस कार्यविधिको अधिनमा रहि खर्च गर्ने गरि वार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ, उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन ।

(१) दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्वन्धमा गाउँपालिका वा वडा स्तरमा रहेको विपद व्यवस्थापन कोषबाट खर्च लेख्नुपर्नेछ ।

(२) जटील/कडा किसिमका रोगहरु तथा दीर्घ रोगीको सम्वन्धमा गाउँपालिकाको स्वास्थ्य सम्वन्धी कोष तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ ।

(३) संघ संगठनहरुले गर्ने कार्यक्रममा सहयोग प्रदान गर्दा सकेसम्म सम्वन्धीत विषय क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ ।

(४) गाउँपालिकाबाट सहयोग/सहायता गर्नुपर्ने कार्यक्रममा गाउँपालिकाको विनियोजित बजेटबाट गर्ने गरि सहयोग कार्यान्वयन गर्दा सम्झौता/समझदारी पत्रमा हस्ताक्षर गरी सोको शर्तहरु बमोजिम गर्नुपर्ने छ ।

(५) सहायता रकम यस मापदण्डमा उल्लेख भए भन्दा बढी भएमा गाउँकार्यपालिकाको निर्णयबाट गर्नु पर्ने छ ।

## परिच्छेद ४ : विविध

७ . कार्यविधी संसोधन : यस कार्यविधिमा प्रचलित, कानुनको प्रतिकुल नहुने गरि गाउँकार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

८. बाधा अडकाउ फुकाउने : यस कार्यविधीको कार्यान्वयनमा कुनै, बाधा अड्काउ आईपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

९ यसै बमोजिम भएको मानिने : यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।